नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

# प्रेस विज्ञप्ती

## बुटवल पावर कम्पनी लिमिटेडको थप सार्वजनिक निष्काशन सम्बन्धमा

बुटवल पावर कम्पनी लिमिटेडले निष्काशन गरेको थप सार्वजनिक निष्काशन (एफपिओ) सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुमा प्रकाशित अन्यथा समाचार प्रति बोर्डको ध्यानाकर्षण भएको छ ।

पब्लिक कम्पनीको रुपमा रहेको उक्त कम्पनीले निजीकरण ऐन, २०५० बमोजिम नेपाल सरकारले आफ्नो नाममा कायम रहेको उक्त कम्पनीको शेयरहरुमध्ये चुक्ता पूँजीको ७५ प्रतिशत शेयर निजीकरणको प्रक्रिया मार्फत संस्थागत लगानीकर्तालाई मिति २०५९।१०।१५ मा बिक्री गरी हस्तान्तरण गरेको र तत्पश्चात मिति २०६०।०६।०६ मा नेपाल सरकारले थप १२ प्रतिशत शेयर सर्वसाधारण तथा कर्मचारीहरुलाई नागरिक लगानी कोषको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा केही प्रिमियम थप गरी सार्वजनिक निष्काशन गरेको देखिन्छ । उक्त शेयरहरु नेपाल स्टक एक्स्चेन्ज लि. (नेप्से)मा मिति २०६१।०९।२८ मा सूचीकरण भई हाल उक्त कम्पनीको शेयरहरु दोश्रो बजारमा कारोवार भइरहेको छ । सोही बमोजिम उक्त कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फबाट १ जना संचालकको प्रतिनिधित्व समेत रहेको छ । स्मरणीय छ यस प्रकारको सार्वजनिक निष्काशन मार्फत नेपाल टेलिकमले समेत नेपाल सरकारको स्वामित्वमा रहेको शेयर सर्वसाधारणमा बिक्री गरी धितोपत्र बजारमा सूचीकृत भएर दोश्रो बजारमा कारोवार समेत भईरहेको छ ।

धितोपत्र सम्बन्धी विद्यमान कानूनी व्यवस्था बमोजिम सूचिकृत संगठित संस्थाले पुँजी बृद्धि गर्नु परेमा हकप्रद शेयर निष्काशन वा धितोपत्रको थप सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्था रहेकोमा उक्त कम्पनीले नेपाल सरकारको स्वामित्वमा रहेको शेयर बोर्डबाट अनुमतिपत्र प्राप्त निष्काशन तथा बिक्री प्रबन्धकमार्फत सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरी नेप्सेमा सूचीकृत गराई कारोवार समेत भईरहेको सन्दर्भमा उक्त कम्पनीले प्रबर्द्धन गरेको आयोजनाहरुको लागि आवश्यक पूँजी निर्माण र परिचालन गर्न साधारण सभाबाट निर्णय गराई थप सार्वजनिक निष्काशनको लागि अनुमति माग गरेकोमा नियमावली तथा निर्देशिकाको व्यवस्था अनुसार थप सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरिएको हो ।

उक्त थप सार्वजनिक निष्काशनको मूल्य निर्धारण सम्बन्धमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ मा तोकिएका मापदण्डहरु (क) पछिल्लो तीन वर्षको पूँजीकृत भएको आम्दानी (क्यापिटलाइज्ड अर्निङ्ग), (ख) भविश्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो र (ग) बोर्डमा निवेदन दिनुभन्दा सात दिन अगाडिको एक सय असी दिनको औसत बजार मूल्य गणना गरी प्राप्त हुने कूल मूल्यको औषत मूल्य र सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको चार गुणाले हुन आउने मूल्यमा जुन कम हुन्छ सो रकमलाई थप सार्वजनिक निष्काशनको मूल्य कायम गरेको ।

बोर्डले निष्काशन अनुमति प्रदान गर्ने तथा अन्य कार्यहरु धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गतका नियम तथा निर्देशिकाको अधिनमा रही गर्दै आइरहेको सन्दर्भमा उक्त कम्पनीको थप सार्वजनिक निष्काशन सम्बन्धमा प्रकाशित अन्यथा समाचार प्रति कुनै सत्यता नरहेको प्रति सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

मिति: २०७४।१०।१८

निरज गिरी
प्रवक्ता

Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np